# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी

लुम्बिनी प्रदेश, नेपाल

प.सं. : 2077/78 च. नं. .

## विज्ञापन करको ठेक्काको शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/१०)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (ग) तथा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा ८ मा व्यवस्था भए बमोजिम यस नगरपालिका क्षेत्र भित्र राखिएका विभिन्न किसिमका व्यवसायिक प्रवर्द्धनका लागि राखिएका होर्डिङ्ग बोर्डहरुको सम्बन्धमा आ.व. २०७७/०७८/ वर्ष १ (एक) को लागि विज्ञापन कर ठेक्का बन्दोबस्त गरी ठेक्काबाट उठाउने रामग्राम न.पा.को निर्णयानुसार यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक फर्म, व्यक्तिहरुले ठेक्का लिन चाहेमा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७७ कामे दफा १८ को उपदफा २ बमोजिम र रामग्राम नगरपालिकाको वेभसाइड www.ramgrammun.gov.np मा रहेको सुचनाको विस्तृत शर्त बन्देजमा रहि गोप्य शिलबन्दी दरभाउपत्र रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामग्राम परासी, नवलपरासी -ब.सु.प.) मा दाखिला गर्नुहुन सर्वसाधारण सबैको जानकारीको लागि यो पन्ध्र (१५) दिने सुचना प्रकाशित गरिएको छ ।

| वि.नं. | विवरण | न्यूनतम ठेक्का (वार्षिक) | धरौटि रकम | बोलपत्र फाराम दस्तुर | शिलबन्दि दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | शिलबन्दि दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति र समय | शिलबन्दि दरभाउपत्र खोलिने स्थान मिति र समय |
|---|---|---|---|---|---|---|---|
| ०१/०७७/०७८ | विज्ञापन कर (रामग्राम नगरपालिका क्षेत्र भरी) | १,८८७६०।- | ५ % | १,०००।- | २०७७/०९/२४ | २०७७/०९/२५ गते १२ बजेसम्म न.पा. कार्यालय | २०७७/०९/२५ गते २ बजे न.पा. कार्यालय |

१. दरभाउपत्र पेश गर्ने ब्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी वापतको रकम न.पा. को रा.वा बैंक परासीको धरौटी खाता च.हि.नं ३१००१००३०३००००२ (ग ३) मा जम्मा गरेको बैक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सूचनाको मितिले ९० दिन म्याद भएको विडवण्डको सक्कल प्रति बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

२. ठेक्का रकम न.पा.ले तोके बमोजिम किस्तामा बुझाउनु पर्ने छ । पट्टाचलन पुर्जी लिनको लागि फर्मको हकमा ठेकेदारले पहिलो किस्ताको (अर्थात कबोल अंकको ५० प्रतिशत) रकम अग्रिम रुपमा नगदै बुझाई बांकी दोश्रो किस्ताको (अर्थात कबोल अंकको बाकी ५० प्रतिशत) रकम वरावरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७ महिना अवधि म्याद भएको बैंक जमानी पत्र अनिवार्य पेश गर्नु पर्ने छ तथा व्यक्तिको हकमा सम्पुर्ण ठेक्का रकम एक मुस्ट बुझाउनुपर्नेछ ।

३. ठेकेदारले पट्टा चलन पुर्जि लिदा कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतले हुने रकम ठेक्का अवधि भरका लागि जमानत वापत राखिने छ । ठेक्का अवधि समाप्त भए पछि सो जमानत रकम फिर्ता लिनका लागि सम्बन्धीत ठेकेदारले आय आर्जन गरे वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिईने छ । सम्पूर्ण कर बुझाएको प्रमाण पेश नगरेको

राजेश ...

प्रमुख प्रशासकीय अधिकृत

# रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : 2077/78 च. नं.

खण्डमा जमानत वापत राखिएको रकमबाट ठेक अंकको १.५% आयकर कट्टा गरी बाकी रकम सम्बन्धीत ठेकेदारलाई फिर्ता गरिने छ ।

४. दरभाउपत्र पर्न आएको दरभाउपत्रमा ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

५. ठेक्का स्वीकृत भएको जानकारी पत्र पाएको मितिले ७ दिन भित्र अनिवार्य पट्टा चलन पुर्जि लिई सक्नु पर्ने छ अन्यथा ठेकेदारले राखेको धरौटी स्वत: जफत भई नगरपालिकाले पुन: ठेक्का बन्दोबस्त गर्ने छ।

६. नगरपालिकाले तोकेको दररेटमा मात्र ठेकेदारले कर, दस्तुर उठाउनु पर्ने छ ।

७. दरभाउपत्रले आफ्नो नागरिकताको फोटोकपी अनिवार्य रुपले दरभाउपत्र साथ राख्नु पर्ने छ साथै कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपले लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

८. प्रत्येक बजार एवं ठेक्काको लागि दरभाउपत्र खरिद गरि छुट्टा छुट्टै दाखिला गर्नु पर्नेछ साथै खाम माथि ठेक्काको नाम स्पष्ट रुपले उल्लेख गर्नु पर्ने छ ।

९. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ सातौं औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी सक्नु पर्ने छ ।

१०. यो सुचना प्रकाशित भएको ८ औं दिन दिउंसो १२ बजे सम्म दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ ।

११. दाखिला भएको ठेक्का ८ औं दिन दिउंसो २:०० बजे कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने मितिमा ठेकेदार आफै उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

१२. दरभाउपत्र खरिदगर्ने, पेशगर्ने, खोल्ने दिन कुनै कारणबस विदा परेमा क्रमश: कार्यालय खुलेको दिन म्याद कायम हुने छ ।

१३. ठेकेदारले नगरपालिकाको निर्णय वा निर्देशन विपरीत कार्य गरेमा नगरपालिकाले ठेक्का रद्द गर्न सक्ने छ ।

१४. ठेक्का अवधि भरिमा ठेकेदारलाई कुनै किसिमको बन्द, हडताल आदिको छूट, मिनहा वा म्याद थप दिइने छैन् ।

१५. सम्बन्धीत ठेक्काको दररेट नगरपालिकाको कर उप शाखामा हेर्न सकिनेछ ।

माथि उल्लेख भए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत